आज मिति २०७८।०१।१९ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा COVID-19 रोकथाम तथा नियन्त्रण सम्वन्धी District Covid-19 Crisis Management Centre (DCCMC) को बैठक तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो:

सल्लाहकार समूहः

१. श्री सन्तमान तामाङ , प्रमुख, जिल्ला समन्वय समिति नुवाकोट
२. श्री सञ्जु पण्डित, प्रमुख, विदुर नगरपालिका

उपस्थितिः

१. श्री जीवन प्रसाद दुलाल, प्रमुख जिल्ला अधिकारी — अध्यक्ष
२. श्री मोहन प्रसाद मरासिनी, जिल्ला समन्वय अधिकारी — सदस्य
३. प्र.से.श्री उदय बहादुर लामिछाने , श्री जबरजंग गण — सदस्य
४. प्र.उ.श्री तुल बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय — सदस्य
५. स.प्र.ना.उ. श्री मदन ढुंगाना, स.प्र.बल नेपाल १९ नं गुल्म — सदस्य
६. प्र.अ.अ. श्री हेमन्त चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय — सदस्य
७. श्री सागर प्रसाद घिमिरे, व.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य कार्यालय — सदस्य
८. डा. दिपेन्द्र पाण्डे, मे.सु. त्रिशूली अस्पताल — सदस्य
९. श्री वेद प्रसाद अर्याल, स. प्रमुख जिल्ला अधिकारी. — सदस्य

आमन्त्रितः

१. प्रमुख सेनानी, श्री बाल मुकुन्द विष्ट, नं १ तालिम गण त्रिशूली
२. गीता अमात्य, उद्योग वाणिज्य संघ, नुवाकोट
३. कविन्द्रमान प्रधान, चेम्बर अफ कमर्स, नुवाकोट
४. धन बहादुर श्रेष्ठ, प्रतितनिधि, यातायात कम्पनी
५. डा. प्रेम प्रकाश पौडेल , त्रिशुली अस्पताल
(६) फुल बहादुर राउत्री यातायात
(७) शिव देवकोटा - संचारकर्मी

प्रस्तावहरू:

१. समीक्षा
२. वैयक्तिक विवरणको अभिलेख राख्ने
३. निषेध आदेश जारी गर्न सिफारिस गर्ने
४. विविध

निर्णयहरू

१. समीक्षा:

हाल सम्म यस जिल्लामा कोभिड-१९ को सक्रिय संक्रमितको संख्या १८५ पुगिसकेको र यसबाट समुदायस्तरमा समेत महामारीको तिव्र फैलावट भइसकेको देखिन आएकोले जिल्लाभित्रका सम्पूर्ण गतिविधिहरूमा रोक लगाई यस महामारिको थप फैलावटलाई नियन्त्रण गर्नु पर्ने र यसका लागि स्थानीय तहमा गठित कोरोना रोकथाम समूह (CPG) ले थप सावधानी र सक्रियतापूर्वक परिचालित हुनुपर्ने समीक्षा गरियो।

२. जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम रोकथाम तथा न्यूनीकरणका लागि जिल्ला भित्रिने मुख्य नाकाहरू (गुर्जे भञ्ज्याङ,शिवपुरी गा.पा., ककनी नाका, ककनी गा.पा. र कोल्पुटार,बेलकोटगढी न.पा.) मा स्वास्थ्य डेस्कको स्थापना गरी जिल्ला भित्रिनेहरूको कोभिड-१९ प्रोटोकल बमोजिम स्वास्थ्य परीक्षण (ज्वरो लगायत) गर्ने तथा यात्रुहरूको वैयक्तिक विवरणको व्यवस्थित अभिलेख राख्ने पूर्व निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने।

३. जिल्लामा कोभिड-१९ को सक्रिय संक्रमितको संख्या द्रुतगतिमा बढिरहेकोले यसबाट थप जोखिम तथा चुनौतीहरू बढ्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै हाल सक्रिय संक्रमितको संख्या १८५ पुगिसकेको अवस्थामा थप संक्रमण बढ्न नदिनको लागि जिल्लाभर लागू हुने गरी प्रमुख जिल्ला अधिकारीले आवश्यकतानुसार निषेध आदेश जारी गर्नको लागि सिफारिस गर्ने।

४. कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लगायत अन्य व्यवस्थाहरू पालना भए/नभएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, नुवाकोट र सशस्त्र प्रहरी बल, नं १९ गुल्मको उपलब्ध जनशक्ति परिचालित गरी अनुगमन गर्ने। स्वास्थ्य तथा सुरक्षाका मापदण्डको उल्लघंन भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्ने।

५. त्रिशूली अस्पतालमा हालका दिनहरुका भइरहेको पी सी आर परीक्षणको भीडलाई न्यूनीकरण गर्नको लागि जिल्लाभित्रका प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको व्यक्तिहरूको पी सी आर परीक्षण गर्नुपर्दा स्वास्थ्य प्रोटोकल बमोजिम स्वाब संकलन गरी त्रिशूली अस्पताल र स्वास्थ्य कार्यालय नुवाकोटसँग समन्वय गरी त्रिशूली अस्पतालमा उपलब्ध गराउने।